प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली, नेपाल

## दरखास्त आह्वानको सूचना

(सूचना प्रकाशित मिति २०७७/०७/२१)

यस मन्त्रालय तथा मातहतका कार्यालयहरुका लागि विभिन्न प्राविधिक पदहरुमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरीकहरुले विज्ञापन प्रकाशन भएको मितिले २१(एक्काईस) दिन भित्र तोकिए अनुसारको दरखास्त दस्तुर सहित मन्त्रालयमा फाराम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र **"करार सेवामा कृषि प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७"** यस मन्त्रालयको वेवसाईट www.molmac.p7.gov.np वाट डाउनलोड गर्न सकिन्छ ।

| विज्ञापन नं. | पद/समुह | माग संख्या | काम गर्नुपर्ने स्थान/कार्यालय |
|---|---|---|---|
| १/२०७७/२०७८ | वागवानि विकास अधिकृत/वागवानी, कृषि प्रसार अधिकृतर कृषि प्रसार, वाली विकास अधिकृत/वाली विकास, वाली संरक्षण अधिकृत/वाली संरक्षण, | २५ | मन्त्रालय वा मातहत कार्यालय |
| २/२०७७/२०७८ | पशु विकास अधिकृत/ला.पो एण्ड डेडे | ४ | |
| ३/२०७७/२०७८ | पशु चिकित्सक/भेटेरिनरी | ५ | |
| ४/२०७७/२०७८ | कृषि अर्थ विज्ञ/एग्री ईको एण्ड मार्केटिङ्ग | ५ | |
| ५/२०७७/२०७८ | प्राविधिक सहायक/माटो विज्ञान<br>प्राविधिक सहायक/वागवानी | ४ | |
| ६/२०७७/२०७८ | नायव प्राविधिक सहायक/वागवानी | १ | |

**परिक्षाको किसिमः** लिखित र अन्तरवार्ता ।

**दरखास्त दस्तुरः** कृषि सेवाका अधिकृत पदका लागि एक हजार रुपैया तथा सहायक पदका लागि पाचँ सय रुपैया दस्तुर लाग्ने छ । उक्त दस्तुर राष्ट्रिय वाणिज्य वैक लिमिटेडको खाता नं.: १०००२०००१००००, कार्यालय कोड- ३१२००७७०१७ र राजश्व शीर्षक नं १४२२४ मा जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/११

**आवश्यक कागजातहरुः** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु १/१ थान, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु १ थान, दरखास्त दस्तुर बुझाएको सक्कल रसिद, पशुचिकित्सक पदका लागि काउन्सिल दर्ता प्रमाणपत्र ।

**उम्मेदवारको उमेरको हदः** अधिकृतस्तरको हकमा २१ वर्ष पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष पुरा नभएको, महिलाको हकमा ४० वर्ष पुरा नभएको र सहायकस्तरको हकमा १८ वर्ष पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष पुरा नभएको, महिलाको हकमा ४० वर्ष पुरा नभएको ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समुह सम्बन्धी ।

**तलबः** कार्यविधि बमोजिम ।

**लिखित परिक्षाको मिति समय र स्थानः** पछि प्रकाशन गरिनेछ ।

**पाठ्यक्रमः**

**नेपाल कृषि सेवा, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समुह अधिकृत पदका लागिः** लोक सेवा आयोगको नेपाल कृषि सेवा, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समुह राजपत्राङ्कित तृतिय श्रेणीका पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम चरणको प्रथम पत्र को Part II General Technical subject अनुसारको हुनेछ ।

**नेपाल कृषि सेवा भेटेरिनरी समुह अधिकृतस्तर पदका लागिः** लोक सेवा आयोगको नेपाल कृषि सेवा, भेटेरिनरी समुह राजपत्राङ्कित तृतिय श्रेणीका पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम चरणको प्रथम पत्र को Part II General Technical Subject अनुसारको हुनेछ ।

**नेपाल कृषि सेवा बाली संरक्षण, कृषि प्रसार, बागवानी, बाली विकास, माटो विज्ञान तथा एग्रिईको समुहका अधिकृतस्तर पदका लागिः** लोकसेवा आयोगको नेपाल कृषि सेवा एग्रि एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्रि ईको एण्ड मार्केटिङ्ग र माटो विज्ञान समुहका राजपत्राङ्कित तृतिय श्रेणीका पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम चरणको प्रथम पत्र को Part II General Technical Subject अनुसारको हुनेछ ।

**कृषि सेवाका सहायक स्तर पाचौ एग्रि एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्रि ईको एण्ड मार्केटिङ्ग र माटो विज्ञान समुहका लागिः** लोकसेवा आयोगको कृषि सेवा अन्तर्गतका एग्रि एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्रि ईको एण्ड मार्केटिङ्ग र माटो विज्ञान समुह राजपत्रअनङ्कित प्रथम श्रेणी प्राविधिक सहायक वा सो सरहको पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम चरणको सेवा सम्बन्धी विषयको पाठ्यक्रम हुनेछ ।

**कृषि सेवाका सहायक स्तर चौथो एग्रि एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्रि ईको एण्ड मार्केटिङ्ग र माटो विज्ञान समुहका लागिः** लोकसेवा आयोगको कृषि सेवा अन्तर्गतका एग्रि एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्रि ईको एण्ड मार्केटिङ्ग र माटो विज्ञान समुह राजपत्रअनङ्कित द्वितिय श्रेणी नायव प्राविधिक सहायक वा सो सरहको पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रथम चरणको सेवा सम्बन्धी विषयको पाठ्यक्रम हुनेछ ।

**आवश्यक न्युनतम योग्यताः**

**कृषि सेवाका अधिकृतस्तर पदका लागिः** कृषि, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समुहका लागि पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. वा बि.टेक.(डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सीरडि.भि.एम. वा बि.टेक. एण्ड (लाइभस्टक एक्सटेन्सन) वा सो सरह । कृषि, बाली संरक्षण, कृषि प्रसार, बागवानी, बाली विकास, माटो विज्ञान समुहका लागि कृषि विज्ञानमा स्नातक (बी.एस्सी.एग्.) वा सो सरह । कृषि, भेटेरिनरी समुहका लागि बी.भी.एस्सी एण्ड ए.एच. वा बि.भी. एस्सी. वा डी.भी.एम् वा सो सरह र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । एग्रि ईको तथा मार्केटिङ्ग समुहका लागि एग् इकोनोमिक्स वा एग्. विजिनेश मुख्य विषय लिई स्नातक (बि.एस्सी. एग्.) वा सो सरह ।

**कृषि सेवाको सहायकस्तर पाचौ पदको लागिः** कृषि विज्ञानमा आइ.एस्सी.(एग्.) वा एस.एल.सी. उत्तीर्ण गरी एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त र न्यूनतम ३ वर्ष अवधिको कृषि विज्ञानमा डिप्लोमा उत्तीर्ण वा टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विज्ञान विषयको डिप्लोमा उत्तीर्ण वा सो सरह ।

**सहायकस्तर चौथो पदको लागिः** एस.एल.सी. उत्तीर्ण गरी एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण वा सो सरह ।